# National News

11/10/2026

<u>प्रमुख समाचार</u>

- प्रधानमन्त्रीद्वारा चेन्नईमा १३ हजार करोडका परियोजनाको शिलान्यास र उदघाटन
- प्रधानमन्त्रीले गर्नुभयो जयगोपाल गरोडिया विद्यालयले गरेको योगदानको प्रशंसा
- नेपालको गोर्खामा बूढीगण्डकी नदीमा अचानक बाढी, धेरै घर र पुल बगे
- भारतद्वारा संयुक्त राष्ट्र मानवाधिकार कार्यालयको दोहोरो मापदण्डको आलोचना
- 'कोंकण-२६' मा सहभागी हुन INS त्रिशूल बेलायतमा

- <u>PM's Chennai trip</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आज चेन्नईस्थित IIT मद्रासमा तेह्र हजार करोड रूपियाँभन्दा अधिकका विकास परियोजनाहरूको उदघाटन तथा शिलान्यास गर्नुभयो। यसमा सडक, रेल, बन्दरगाह, पेट्रोलियम र वैज्ञानिक अनुसन्धानसम्बन्धी परियोजनाहरू समावेश छन्। कार्यक्रममा तमिलनाडुका मुख्यमन्त्री C जोसेफ विजय पनि उपस्थित हुनुहुन्थ्यो।
प्रधानमन्त्रीले लगभग चार हजार नौं सय करोड रुपियाँको लागतमा निर्मित चेन्नई मेट्रो रेलको दोस्रो चरणअन्तर्गत पूनमल्ली-वडापलानी खण्डको उदघाटन गर्नुभयो। करिब पन्द्र किलोमिटर लामो यस खण्डमा एघारवटा एलिभेटेड स्टेशन छन्। उहाँले यी परियोजनाहरूले यातायात, व्यापार, औद्योगिक विकास र रोजगारीका अवसरहरूलाई बढावा दिने बताउनुभयो।
यस अवसरमा प्रधानमन्त्रीले IIT मद्रासमा 'सुधा गोपालकृष्णन ब्रेन सेन्टर' राष्ट्रलाई समर्पित गर्नुभयो। इस्केमिक स्ट्रोकबाट प्रभावित मानव मस्तिष्कको विस्तृत नक्सा 'सी-स्ट्रोक' पनि सार्वजनिक गर्दै श्री मोदीले भन्नुभयो.........................

प्रधानमन्त्रीले तमिलनाडुको सांस्कृतिक सम्पदा, वैज्ञानिक उपलब्धि र आधुनिक पूर्वाधारले राज्यको विकासलाई बल पुऱ्याइरहेको बताउँदै जनतालाई नवरात्रको शुभकामना पनि दिनुभयो।

---------------------------------------X--------------------------------------

- PM

पछि, प्रधानमन्त्रीले तमिलनाडुको जयगोपाल गरोडिया हिन्दू विद्यालयको स्वर्ण जयन्ती समारोहमा भाग लिँदै यस संस्थानले शिक्षाको क्षेत्रमा पाँच दशकदेखि महत्त्वपूर्ण योगदान दिँदै आएको बताउनुभय। स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गर्दै उहाँले युवाहरू विकसित भारतको सङ्कल्प साकार पार्ने शक्ति भएको बताउनुभयो। प्रधानमन्त्री श्री मोदीले युवाहरूलाई ठूला सपना देख्न, उच्च लक्ष्य निर्धारण गर्न र विश्वका चुनौतीहरूको समाधान खोज्न आह्वान गर्नुभयो। उहाँले युवाहरूका लागि आज अनेकौँ अवसर उपलब्ध रहेको उल्लेख गर्दै सामूहिक प्रयासबाट कुनै पनि लक्ष्य हासिल गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

--------------------------------------X--------------------------------------

- Nepal - Sudden flood

छिमेकी राष्ट्र नेपालको गोर्‌खा जिल्लामा बूढीगण्डकी नदीमा आज बिहान अचानक आएको बाढीले धेरै घर र पुल बगाएको छ। घटनामा लगभग पचासजनाको उद्धार गरिएको छ भने दशजना अझै निखोज छन्। हालसम्म मानवीय क्षतिको पुष्टि नभएको बताइएको छ।

नेपाली सेना र अन्य उद्धार टोलीले चारवटा हेलिकप्टरको सहयोगमा खोज ी तथा उद्धार अभियान सञ्चालन गरिरहेका छन्। बाढीले न्याकचेत र फिलिम बजार जोड्ने झोलुङ्गे पुल बगाउनुका साथै सल्लेरीमा निर्माणाधीन जलविद्युत् परियोजनामा क्षति पुर्‍याएको छ।

बाढीको कारण अझ स्पष्ट भएको छैन। मनास्लु पदयात्राका क्रमा केही पर्यटक बाढीका कारण फसेका भए पनि सुरक्षित रहेको अधिकारीहरूले बताएका छन्। नदी किनारका बासिन्दालाई भने सुरक्षित स्थानमा जान आग्रह गरिएको छ।

--------------------------------------X--------------------------------------

- India - Human Rights

भारतले संयुक्त राष्ट्र मानवाधिकार उच्चायुक्तको कार्यालय (OHCHR) को दोहोरो मापदण्ड र सार्वजनिक घटनाहरूमाथि चयनित प्रतिक्रियाको आलोचना गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले नयाँ दिल्लीमा हालै भएका घटनाबारे कार्यालयको टिप्पणीलाई अनावश्यक र भारतको आन्तरिक मामिलामा अस्वीकार्य हस्तक्षेप बताउनुभएको छ।
उहाँले भारतका छिमेकी राष्ट्रहरूमा विरोध प्रदर्शनमाथि भएका हिंसात्मक कारबाहीबारे कार्यालय मौन रहेको उल्लेख गर्दै यस्तो दोहोरो व्यवहारले संस्थाको विश्वसनीयता र बहुपक्षीयताप्रतिको विश्वास कमजोर बनाउने बताउनुभयो।

श्री जायसवालले भारतको संविधानले शान्तिपूर्ण रूपमा भेला हुने अधिकार सुनिश्चित गरेको बताउँदै देशका स्वतन्त्र न्यायपालिका, सञ्चारमाध्यम र संस्थाहरूले नागरिकका अधिकारको रक्षा गर्ने उल्लेख गर्नुभयो। उहाँले कानुन कार्यान्वयन गर्ने निकायहरूले कानुनअनुसार काम गर्ने र उजुरीको समाधानका लागि अदालतहरू उपलब्ध रहेको पनि स्पष्ट पार्नुभयो।

---------------------------------------X---------------------------------------

- Defense Ministry INS Trishul

भारतीय नौसेनाको पोत INS त्रिशूल भारत-ब्रिटेन द्विपक्षीय समुद्री अभ्यास ‘कोंकण-२६’ मा भाग लिन बेलायतको प्लाइमथ पुगेको छ। रोयल नेभीसँगको यो अभ्यास बिहीबारसम्म दुई चरणमा सञ्चालन हुनेछ।

रक्षा मन्त्रालयकाअनुसार यस अभ्यासले दुवै देशका नौसेनाबीच समन्वय, पारस्परिक समझदारी र परिचालन सहयोगलाई सुदृढ बनाउनेछ। यसले सुरक्षित, खुल्ला र स्वतन्त्र समुद्र सुनिश्चित गर्ने भारत र बेलायतको साझा प्रतिबद्धतालाई पनि प्रतिबिम्बित गर्नेछ।

---------------------------------------X---------------------------------------

- RBI-US Dollar

भारतीय रिजर्व ब्याङ्क (RBI)-ले सार्वजनिक क्षेत्रक◌ा तेल विपणन कम्पनीहरू इण्डियन ओयल, हिन्दुस्तान पेट्रोलियम र भारत पेट्रोलियमक◌ो अम◌ेर◌ीकी डलरक◌ो दैनिक आवश्यकता पूर◌ा गर्न विशेष सुविधाक◌ो घोषणा गरेको छ। केन्द्रीय ब्याङ्कक◌ो प्रेस विज्ञप्तिअनुसार RBI-ले नामित ब्याङ्कहरूको माध्यमबाट यी तीनवटा कम्पन◌ीहरूलाई यसको विदेशी मुद्रा आवश्यकता पूरा गर्न अम◌ेरीकी डलर बेच◌्नेछ। य◌ो सुविधा भोलीबाट प्रभावी ह◌ुनेछ अनि अघिल्लो सूचना नआएसम्म जारी रहनेछ। केन्द्रीय ब्याङ्कले भनेको छ, य◌ो निर्णय विद्यमान बजार स्थितिक◌ो आकलनपछि लिइएको हो।

---------------------------------------X---------------------------------------

- NCB Guwahati

नार्कोटिक्स कन्ट्रोल ब्युरो (NCB) को गुवाहाटी एकाईले तीर्पन किलोग्रामभन्दा अधिक मेथाम्फेटामाइन र WY ट्याब्लेट बरामद गरेको छ। बरामद लागुऔषधिको अनुमानित बजार मूल्य तीर्चालीस करोड रुपियाँ रहेको छ। यस सिलसिलामा दुईजना तस्करलाई पनि पक्राउ गरिएको छ।

NCB-काअनुसार यो खेप म्यानमारबाट ल्याइएको थियो। यस घटनामा अन्तरराष्ट्रिय आपूर्तिकर्ता र घरेलु प्राप्तकर्ताहरूको पहिचान गर्न अनुसन्धान भइरहेको छ। अभियानमा विभिन्न केन्द्रीय तथा राज्यस्तरीय सुरक्षा र अनुसन्धान निकायहरूले समन्वय गरेका थिए।

---------------------------------------x---------------------------------------

- <u>BJP-Congress PC</u>

भारतीय जनता पार्टीले सांसद तथा प्राध्यापक बिमोल अकोइजमविरुद्ध कारबाही नगरेको भन्दै कंग्रेसको आलोचना गरेको छ। भाजपा सांसद बाँसुरी स्वराजले आज नयाँ दिल्लीमा यस विषयमा कंग्रेस नेतृत्वको मौनतामाथि प्रश्न उठाउँदै सम्बन्धित सांसदलाई तत्काल निलम्बन गर्न र कडा अनुशासनात्मक कारबाही गर्न माग गर्नुभयो।

सुश्री स्वराजकाअनुसार, यस वर्ष मई महिनामा एघारजना छात्राले अकोइजमविरुद्ध यौन उत्पीडनको उजुरी दिएका थिए। आरोपसम्बन्धी अनुसन्धानपछि जवाहरलाल नेहरू विश्वविद्यालयले उहाँलाई प्राध्यापक पदबाट हटाउने निर्णय गरेको थियो।

---------------------------------------x---------------------------------------

- <u>Supreme Court - Protest</u>

सर्वोच्च न्यायालयले शान्तिपूर्ण रूपमा भेला भएका मानिसहरूलाई गैरकानुनी रूपमा हिरासतमा नलिन र यातायात सुचारु राख्न निर्देशन दिएको छ। न्यायालयले दिल्लीमा बेरिकेडिङ व्यवस्थाको समीक्षा गर्न, मेट्रो सेवा निर्धारित समयअनुसार सञ्चालन गर्न र इन्टरनेट सेवा निर्बाध राख्न पनि भनेको छ।

न्यायालयले वकिलहरूलाई आफ्नो व्यावसायिक दायित्व निर्वाह गर्न बाधा पुर्‍याउन नहुने स्पष्ट पारेको छ। निर्देशन उल्लङ्घन गरेको आरोपमा दर्ता गरिएको अवहेलना याचिकामाथि सुनुवाइ गर्दै न्यायालयले सबै पक्षको कुरा सुनेर कसैलाई असुविधा हुन नदिने सुनिश्चित गर्ने बताएको छ।

---------------------------------------x---------------------------------------

- <u>PM Public Service 25 years</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले जनसेवामा २५ वर्ष पूरा गर्नुभएको छ। ‘जनसेवाबाट देशसेवा’ उहाँको यस यात्राको मूलमन्त्र रहेको छ। सेवा र सुशासनको दृष्टिकोणका साथ सरकारले २०४७ सम्म भारतलाई विकसित राष्ट्र बनाउने लक्ष्य हासिल गर्न निरन्तर काम गरिरहेछ।

समावेशी विकास र सामाजिक सशक्तीकरणमार्फत जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास भइरहेका छन्। यस विशेष शृङ्खलामा आज औपनिवेशिक मानसिकताबाट मुक्त हुन सरकारले अघि बढाएका पहलहरूबारे चर्चा गरिँदैछ।

---------------------------------------X---------------------------------------

- Pakistan Khyber Emergency

पाकिस्तानको उत्तर-पश्चिमी खैबर पख्तूनख्वा प्रान्तमा बिग्रँदो कानून-व्यवस्थालाई ध्यानमा राख्दै सङ्कटकाल घोषणा गरिएको छ। राष्ट्रपति आसिफ अली जरदारीले संवैधानिक व्यवस्था विफल भएको उल्लेख गर्दै सङ्कटकालीन प्रावधान लागू गर्नुभएको छ। यसबाट सङ्घीय सरकारलाई प्रान्तका प्रमुख कार्यकारी तथा विधायिकासम्बन्धी अधिकार आफ्नो हातमा लिने बाटो खुलेको छ।

प्रधानमन्त्री शहबाज शरीफको अध्यक्षतामा बसेको सङ्घीय मन्त्री परिषद्को विशेष बैठकले यस प्रस्तावलाई स्वीकृति दिएको हो। यस व्यवस्थाअन्तर्गत मुख्यमन्त्री, प्रान्तीय मन्त्री तथा अन्य सम्बन्धित पदाधिकारीले पद छोड्नुपर्ने बताइएको छ।

यो घटनाक्रम पूर्व प्रधानमन्त्री इमरान खानको रिहाइ र उपचारको माग गर्दै मुख्यमन्त्री सोहेल अफ्रिदीको नेतृत्वमा विरोध जुलुस भइरहेका बेला आएको हो। तीरतर वर्षीय श्री इमरान खान २०२३ देखि रावलपिण्डीस्थित अदियाला जेलमा बन्दी हुनुहुन्छ।

---------------------------------------X---------------------------------------